# त्रिपुर नगरपालिका दाङ समक्ष

## पेश गरिएको आ.व. २०७३/०७४ को पहिलो चौमासिक

# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

मिति : २०७३ कार्तीक २७ गते

प्रतिवेदन पेश गर्ने

**जनउत्थान समाज विकास केन्द्र**

**घोराही दाङ**

## १. पृष्ठभूमी :

स्थानीय निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय निकायको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउनलाई नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०६८।०१।१२ को निर्णय अनुसार स्वीकृत "स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७" जारी गरिएको छ ।

*स्थानीय निकायबाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने उद्देश्यले त्रिपुर नगरपालिका कार्यालयको आयोजना तथा जनउत्थान समाज विकास केन्द्र घोराही दाङको सहजिकरणमा त्रिपुर नगरपालिको कार्यालयको आ.व. २०७३/०७४ को पहिलो चौमासिकको*

सार्वजनिक सुनुवाई कार्यक्रम २०७३ कार्तीक २७ गते संयूक्त वडाकार्यालय ढिकपुरमा १ वजे देखी ४ वजे सम्म त्रिपुर नगरपालीकाका कर्मचारीहरु, नगरपालीकामा कार्यरत राजनैतीक दल, सामाजिक संघ सस्था, मिडीयाका प्रतिनीधीहरु, विषयगत कार्यालय, नगरपालीकामा गठन भएका सञ्जालहरु र सर्वसाधारण को उपस्थीती र त्रिपुर नगरपालीकाका कार्यकारी अधिकृत कमान सिहं थापा मगर को अध्यक्षतामा सम्पन्न भयो । उक्त कार्यक्रमको प्रतिवेदन तयार गरि त्रिपुर नगरपालीकाको कार्यालयमा पेश गरीएको छ ।

**सार्वजनिक सुनुवाई गर्ने संस्था वा व्यक्ति**

**आयोजक : *त्रिपुर नगरपालीकाको कार्यालय दाङ***

**सहजिकरण : स्थानिय साशन उत्तरदायि संयन्त्र LGAF जनउत्थान समाज विकास केन्द्र घोराही दाङ**

कार्यक्रममा उपस्थीती :

महिला १६ जना पुरुष ५१ जना दलित १ जना जनजाती १० जना र अन्य ५२ जना गरी जम्मा ६२ जनाको उपस्थीती रहेको छ ।

कार्यक्रममा उठेका सवाल र त्यसमा गरीएका प्रतिवद्धताहरु :

| क्र | कार्यक्रममा उठेका सवालहरु | नगरपालीका कार्यालयले गरेको प्रतिवद्दताहरु |
|---|---|---|
| १ | कार्यालयको भवन सुविधायुक्त हुनु पर्ने । | नयाँ कार्यालय भवन सुविधा युक्त वनाइनेछ छ र हालको भवनलाई पनि व्यवस्थित गरिनेछ । |
| २ | सेवाग्राही का लागी बस्ने ठाउको व्यवस्था हुनुपर्ने । | सेवाग्राही का लागी बस्ने ठाउका व्यवस्था गर्दै लगिने छ । |
| ३ | नगरपालीका क्षेत्रमा रहेको सार्वजनिक जग्गाको संरक्षण हुनु पर्ने । | यस वर्षको कार्यक्रम वाट सुरुवात गरीने छ । |
| ४ | नगरपालीकाको वडाहरुलाई पुन विभाजन गर्नु पर्ने । | नगरपालीकाको अधिकार क्षेत्र भित्र नपर्ने । |
| १५ | सामाजिक सुरक्षा भत्ता वुझ्न अप्ठेरो भएको | सामाजिक सुरक्षा भत्ता वुझउने कार्यलाई सरल वनाउदै लगीने छ |

कार्यक्रमवाट भएको सिकाईहरु :

१ कार्यक्रम सञ्चालन भएको वडामा रहेका वडा नागरकि मञ्चका सवै पदाधिकारी तथा सदस्यहरुलाई पत्राचार गरी उपस्थित गराउने ।
२ कार्यक्रम सञ्चालन भएको वडाका नागरीकहरुलाई सार्वजनीक सुनुवाई हुनु भन्दा अगाडी सार्वजनीक सुनुवाईको वारेमा सचेतीकरण गर्दा प्रभावकारिहुने ।

१) अध्ययन गरिएको क्षेत्र : बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-यसमा त्रिपुर नगरपालीका र संयूक्त वडा कार्यालय ढिकपुर वाट सेवा लिएर फर्कीएका सेवा ग्राहीहरु संग प्रश्न उत्तरको माध्यम वाट वहिर्गमन अभिमत पत्र भरीएको थियो जस्मा सहभागी महिला ३८ प्रतिशत, पुरुष ६२ प्रतिशत दलित १२ प्रतिशत जनजाती ३० प्रतिशत र अन्य ५८ प्रतिशत र शिक्षाको हिसावले साक्षर ३६ प्रतिशत, माध्यमिक तह ४० प्रतिशत र उच्च तह २४ प्रतिशत रहेका थिए

कार्यालयमा आएका सेवाग्राहीहरुले तपशिलमा उल्लेखीत सेवा लिएका थिए

| | |
|---|---|
| क) सिफारिस लिन/पुऱ्याउन | १७ जना ३४ प्रतिशत |
| ख) दर्ता/नवीकरण | १ जना २ प्रतिशत |
| ग) आर्थिक सहयोग लिन | २ जना ४ प्रतिशत |
| घ) योजना माग गर्न | १ जना २ प्रतिशत |

ड) योजनाको किस्ता लिन
च) योजनाको मूल्याङ्कन गराउन
छ) योजनाको अन्तिम भुक्तानी लिन
ज) स्थानीय निकायले राखेको सूचना प्राप्त गर्न
झ) सूचनामूलक सामग्री प्राप्त गर्न	१ जना २ प्रतिशत
ञ) अन्य कुनै भए	२८ जना -मालपोत, ५६ प्रतिशत

सवै भन्दा धेरै अन्य कामको लागी ५६ प्रतिशत र सवै भन्दा थोरै दर्ता नविकरणको लागी १, प्रतिशत योजना माग गर्न १ प्रतिशत सुचनामुलक सामाग्री लिन १ प्रतिशत रहेको छ। यसमा जम्मा ६ वटा सुचकहरु रहेका थिय ति सुचकहरुमा उत्तममा ४५ प्रतिशत ठिकैमा ५३ प्रतिशत थाहा नभएको मा २ प्रतिशत रहेको छ।

कार्यालयको कुन–कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन–कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो भन्ने प्रश्नमा तपशिल अनुसारको सुझावहरु दिएका थिय ?

| राम्रा लागेका कुराहरु | सुधार गर्नुपर्ने विषयहरु |
|---|---|
| १.काममा छरीतो पना छ।<br>२. सरल ढंगले काम भएको छ।<br>३.कर्मचारीको व्यवहार राम्रो छ।<br>४.समयमा कार्यालय खुल्छ। | १. भवन साघुरो छ, कर्मचारी संख्या कम छ।<br>२. प्लटिडमा मापदण्ड विपरीत काम भएको छ नगर पालीकाले ध्यान दिनु पर्ने।<br>३. कार्यालयमा सेवा ग्राही वस्ने व्यवस्था हुनु पर्ने<br>४. नागरीक वडा पत्र प्रस्ट देखीने ठाउमा राख्नु पर्ने |

## २) नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण

त्रिपुर नगरपालिका, वडा नं. १० र ११ सार्वजनिक सुनुवाई संचालन हुने त्रिपुर नगरपालीका वडा न १० र ११ का ५० जना नागरीकहरु सहभागी भएका थिए जस्मा महिला ३० प्रतिशत पुरुष ७० प्रतिशत दलित १० प्रतिशत जनजाती २४ प्रतिशत र अन्य ६६ प्रतिशत , १८ देखी ७१ वर्ष उमेरका नागरकिहरु रहेका थिए त्यसै गरी साक्षर देखी उच्च तह अध्यन गरेका रहेका र पेशाको हिसावले किसान, व्यापारी, शिक्षक, कर्मचारी, विद्यार्थिहरु संलगन रहेका थिय ।

यस अर्न्तगत प्रश्नावली १ मा ६ वटा सुचकहरु थिय

सुचक न १मा सेवा सम्वन्धमा २ वटा उपसुचकहरु मध्ये उत्तममा २२ प्रतिशत ठिकै ७६ प्रतिशत र थाहा न भएकोमा २ प्रतिशत अभिमत प्राप्त भएको छ।

सुचक न २ मा सेवाको नियमितता सम्वन्धी ४ वटा उप सुचकहरु थिए जस्मा उत्तममा ५२.५ प्रतिशत ठिकै ३७.५ प्रतिशत र थाहा नभएको १० प्रतिशत अभिमत प्राप्त भएको छ।

सुचक न ३ मा सेवा प्राप्तको जानकारी सम्वन्धी ४ वटा उपसुचकहरु थिए जस्मा उत्तममा ३० प्रतिशत ठिकै ६२.५ प्रतिशत र थाहा नभएको ७.५ प्रतिशत अभिमत प्राप्त भएको छ।

सुचक न ४ मा सेवाको गुणस्तरता सम्वन्धी ३ वटा उपसुचकहरु थिए जस्मा उत्तममा ७८ प्रतिशत ठिकै १७ प्रतिशत र थाहा नभएको ५ प्रतिशत अभिमत प्राप्त भएको छ।

सुचक न ५ मा सेवाको जानकारी सम्वन्धी ५ वटा उपसुचकहरु थिए जस्मा उत्तममा ३२ प्रतिशत ठिकै ४४ प्रतिशत र थाहा नभएको २४ प्रतिशत अभिमत प्राप्त भएको छ।

सुचक न ६ मा नागरीक वडापत्र, उजूरी पेटीका र गुनासो सुन्ने अधिकारी सम्वन्धी ३ वटा उपसुचकहरु थिए जस्मा उत्तममा ३ प्रतिशत ठिकै ७१ प्रतिशत र थाहा नभएको २६ प्रतिशत अभिमत प्राप्त भएको छ।

प्रश्नावली २ का ४ वटा सुचकहरु थिए

सुचक न १मा सिफारीस सम्वन्धमा ४ वटा उपसुचकहरु मध्ये उत्तममा ५२ प्रतिशत ठिकै २४ प्रतिशत र थाहा न भएकोमा २४ प्रतिशत अभिमत प्राप्त भएको छ।

सुचक न २ मा पुर्वाधार र सरसफाई सम्वन्धी ११ वटा उप सुचकहरु थिए जस्मा उत्तममा २७ प्रतिशत ठिकै ६६ प्रतिशत र थाहा नभएको ७ प्रतिशत अभिमत प्राप्त भएको छ।

सुचक न ३ मा कार्यालयको विविध पक्ष सम्वन्धी ६ वटा उपसुचकहरु थिए जस्मा उत्तममा १६ प्रतिशत ठिकै ५८ प्रतिशत र थाहा नभएको २६ प्रतिशत अभिमत प्राप्त भएको छ।
सुचक न ४ मा पारदर्शिता सम्वन्धी ६ वटा उपसुचकहरु थिए जस्मा उत्तममा ६ प्रतिशत ठिकै १५ प्रतिशत र थाहा नभएको ७९ प्रतिशत अभिमत प्राप्त भएको छ।

**सुझाव**

नागरीक वडापत्र, उजूरी पेटीका, गुनासो सुन्ने अधिकारी र सुचना पाटी को सम्वन्धमा नगरपालीकाले सामाजिक परीचालनको माध्यम वाट व्यापक प्रचार प्रशार र जानकारी गराउनु पर्ने ।

त्रिपुर नगरपालिका नाायणपुर दाङको आयोजना र जनउत्थान समाज विकास केन्द्रको प्राविधिक सहयोगमा सञ्चालित आ व २०७३/०७४ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रमको कार्यक्रम तालिका

सभापति : कमानसिं थापा मगर (कार्यकारी अधिकृत,त्रिपुर नगरपालिका)

अतिथिहरु :

१, दिपक पाण्डे (नेपाली काग्रेस )

२, सुदन के.सी.(नेकपा एमाले)

३, भक्तिराम शर्मा ( नेकपा माओवादी केन्द्र)

४, धुर्वराज गौतम (राप्रपा नेपाल)

५, दोर्ण वहादुर वस्नेत ( मधेशी जनअधिकार फोरम लोकतान्त्रिक )

६, प्रेम वहादुर न्यौपाने (राप्रपा )

७, रमेश वली (नेकपा माओवादी )

८, पशुपति चौधरी ( नेकपा )

९, धनीराम चौधरी (थरुहट तराई पार्टि नेपाल )

१०, नेत्र प्रकाश पाण्डे ( नेकपा माले )

११, चन्द्र वहादुर रावत ( रष्टिय जनमोर्चा नेपाल )

१२, राम नारायण चौधरी (समाजवादी जनता पार्टि

१३, ठाकुर प्रशाद रोका ( राष्टिय जनमुक्ति पाटि )

१४, तिलक वहादुर पुन ( सामाजिक लोकतान्त्रिक )

१५, ओम प्रकास गुप्ता ( सदभावना आनन्दीदेवी )

१६, भिम वहादुर विक ( नेकपा माओवादी )

१७ शिला चौधरी (संघिय लोकतान्त्रिक राष्टीय मञ्च )

विषयगत कार्यालय :

१, स्वास्थ्य चौकी

- कार्यक्रम सञ्चालन : विपना वर्तौला (कार्यक्रम अधिकृत)

- स्वागत : मधुसुदन वस्नेत (वडा सचिव वडा न १०)
- आचार संहिता प्रस्तुत : मोहन के सी (जन उत्थान समाज विकास केन्द्र)
- यो वर्षको कार्यक्रमको जानकारी : कमानसिं थापा मगर (कार्यकारी अधिकृत)
- वहिरगमन अभिमत पत्र र नागरीक अभिमत पत्र को प्रतिवेदन प्रस्तुत : मोहन के.सी.(जन उत्थान समाज विकास केन्द्र)

खुला छलफल.....................

प्रश्नको जवाफ .......................

मन्तव्य

१ सम्पुर्ण राजनैतिक दलहरुको तर्फवाट नेकपा एमालेका सुदन के सी

समापन कमानसिं थापा मगर (कार्यकारी अधिकृत)

कार्यक्रमका फोटाहरु




व्यानर पढेर कार्यक्रमको उदघाटन गर्दै कार्यकारी सचिव



सहभागीवाट उठेका प्रश्नहरुको जवाफ दिदै कार्यकारी प्रमुख र राजनैतीक दलका प्रतिनिधिहरु




नागरीक प्रतिवेदन पत्र र वहिर्गमन अभिमत पत्रको प्रतिदन प्रस्तुत गर्दै मोहन के सी र कार्यक्र सञ्चालन गदै विपना वर्तौला

समाचारमा सार्वजनिक सुनुवाई

नयाँ युगबोध
राष्ट्रिय दैनिक
www.nayayugbodh.com
(Naya Yugbodh National Daily ... 2016)
२०७३ साल कार्तिक २८ गते आइतबार
अंक : १९९
पृष्ठ : ६

## त्रिपुरमा सार्वजनिक सुनुवाइ

त्रिपुर, २७ कार्तिक (युस)- त्रिपुर नगरपालिकामा आर्थिक वर्ष २०७३/७४ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको छ। त्रिपुर नगरपालिकाको आयोजना तथा जनउत्थान समाज विकास केन्द्रको सहजीकरणमा शनिवार नगरपालिकाको संयुक्त वडा कार्यालय ढिकपुरमा सार्वजनिक सुनुवाइ कार्यक्रम भएको हो।

कार्यक्रममा स्थानीयले नगरपालिकाले प्रदान गर्दै आएको सेवासुविधाबारे गुनासो तथा सुझाव राखेका थिए।

**पारदर्शितामा त्रिपुर प्रगतिउन्मूख**

सार्वजनिक सुनुवाइमा पेश गरिएको नागरिक मत सर्वेक्षणबाट त्रिपुर नगरपालिका पारदर्शिताको क्षेत्रमा प्रगतिउन्मुख देखिएको छ। नागरिक मत सर्वेक्षणको जिम्मा पाएको जनउत्थान समाज विकास केन्द्रका स्थानीय शासन उत्तरदायी संयन्त्रका कार्यक्रम संयोजक मोहन केसीले विगतभन्दा नगरपालिकाले सुशासन र पारदर्शिताको क्षेत्रमा सुधार गर्दै गएको प्रतिवेदन पेश गर्नुभयो। 'यसअघि असारको सार्वजनिक सुनुवाइमा पनि हामीले नै नागरिक मत सर्वेक्षण गरेका थियौं'- उहाँले भन्नुभयो- 'नगरपालिकाले विस्तारै नीतिगत तथा व्यवहारिक व्यवस्थाहरुमा

बाँकी अन्तिम पेजमा

## त्रिपुरमा...

सुधार गर्दै लगेको छ।'

**५० हजार खर्च**

चालु आर्थिक वर्षको चार महिना बितिसक्दा त्रिपुर नगरपालिकाले पूँजीगत अनुदानतर्फको तीन करोड ३५ लाख ७२ हजार रुपैयाँमध्ये हालसम्म जम्मा ५० हजार रकम मात्र खर्च हुन सकेको जनाएको छ। कार्यक्रममा चौमासिक प्रगति विवरण राख्दै नगरपालिकाका कार्यकारी अधिकृत कमानसिंह थापा मगरले चालु आर्थिक वर्षको शुरुवाती चरण भएकाले योजनाहरु सम्झौता हुने क्रम जारी रहेको जानकारी दिनुभयो। 'आर्थिक वर्षको शुरुवाती चरणमा छौं।' उहाँले भन्नुभयो- 'विकास निर्माणका लागि सक्दो बजेटको व्यवस्था गरिएको छ। मंसिर महिनादेखि योजना सम्झौता तथा कार्यान्वयनको चरणमा बृद्धि हुनेछ।'

हिंसा-अपराधको जघन्य
कार, सबै मिली गरौं
यसको प्रतिकार।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# पारदर्शीतामा त्रिपूर प्रगतीउन्मुख

२७ कार्तिक २०७३ शनिबार



दाङ, कार्तिक २७ । त्रिपूर नगरपालीकामा आर्थीक वर्ष २०७३÷७४ को पहिलो चौमासीकको सार्वजनिक सुनुवाई सम्पन्न भएको छ । त्रिपूर नगरपालीकाको आयोजना तथा जनउत्थान समाज विकास केन्द्रको सहजीकरणमा शनिबार नगरपालीकाको संयुक्त वडा कार्यालय ढिकपूरमा सार्वजनिक सुनुवाई सम्पन्न भएको हो । कार्यक्रममा स्थानियले नगरपालीकाले प्रदान गर्दै आएको सार्वजनिक सुनुवाईमा पेश गरिएको नागरीक मत सर्वेक्षणबाट त्रिपूर नगरपालीका पारदर्शीताका क्षेत्रमा प्रगतीउन्मुख देखिएको छ । नागरीक मत सर्वेक्षणको जिम्मा पाएको जनउत्थान समाज विकास केन्द्रका स्थानिय शासन उत्तरदायी सँयन्त्रका कार्यक्रम संयोजक मोहन केसीले विगतभन्दा नगरपालीकाले सुशासन , पारदर्शीताका क्षेत्रमा सुधार गर्दै गएको प्रतिवेदन पेश गर्नुभयो ।' यसअघि असारको सार्वजनिक सुनुवाईमा पनि हामीले नै नागरीक मत सर्वेक्षण गरेका थियौं । उहाँले भन्नुभयो ' नगरपालीकाले विस्तारै नितीगत तथा व्यवहारीक व्यवस्थाहरुमा सुधार गर्दै लगेको छ ।





**जम्मा ५० हजार खर्च**

चालू आर्थीक वर्षको ४महिना बितीसक्दा त्रिपूर नगरपालीकाले पूजीगत अनुदान तर्फको ३ करोड ३५ लाख ७२ हजार रुपैया मध्ये हालसम्म जम्मा ५० हजार रकम मात्र खर्च हुन सकेको जनाएको छ । कार्यक्रममा चौमासीक प्रगती विवरण राख्दै नगरपालीकाका कार्यकारी अधिकृत कमानसिंह थापा मगरले चालु आर्थीक वर्षको शुरुवाती चरण भएकाले योजनाहरु सम्झौता हुने क्रम जारी रहेको जानकारी दिए । ' आर्थीक वर्षको शूरुवाती चरणमा छौं ।' उहाँले भन्नुभयो ' विकास निर्माणका लागी सक्दो बजेटको व्यवस्था गरिएको छ । मङसिर महिना देखी योजना सम्झौता तथा कार्यान्वयनको चरणमा वृद्धि हुनेछ ।'

**वडा सिमाकनमा समस्या**

कार्यक्रममा स्थानियले नगरपालीका बनाउदा गरिएको वडा सिमाकनले आफुहरुलाई अठ्यारोमा पारेको बताएका छन । कार्यक्रममा बोल्दै स्थानिय बिर बहादुर सेजुवालले वडा सिमाकन लाई हेरफेर गरेर सबैलाई पायक पर्ने स्थानमा केन्द्र तोका आग्रगरे । यस्तै सहभागीहरुले वडा कार्यालयको जग्गा अतिक्रमण हुन थालेको भन्दै चिन्ता समेत व्यक्त गरेका छन । एलजिसीडिपी फोकल पर्सन विपना बर्तौलाले सञ्चालन गर्नुभएको कार्यक्रममा नगरपालीकाका बोर्ड प्रतिनीधि सुदन केसी , युवा सञ्जालका सदस्य शिव श्रेष्ठ लगायतले बोल्नुभएको थियो भने वडा सचिव मधुसुधन सुबेदीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।



http://agaranonline.com/?p=4692